# सहकार्य नेपाल, सिन्धुली

## बोलपत्र आह्वान सम्वन्धि सुचना ।

*प्रथम पटक प्रकाशित मिति: २०७७/०१/०८*

प्रस्तुत विषयमा WB/FCA को आर्थिक सहयोगमा सहकार्य नेपाल सिन्धुलीद्धारा सिन्धुली जिल्लामा संचालित **WESAF and SSEJV** परियोजना संचालित क्षेत्रमा **COVID-19** बाट अति प्रभावित परिवारहरुको दैनिक जिविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय सरकारले निर्धारण गरे अनुसारका अनुसुची १-TORमा उल्लेख गरिएका खाद्यान्न तथा दैनिक उपभोग्य सामग्रीहरु आवश्यकता परेको हुदाँ के कति दरभाऊमा उपलब्ध गराउन सकिन्छ, तपशिलका सर्तहरुको अधिनमा रही सुचना प्रकाशित भएको मितिले ३ (तिन) दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध छ । बोलपत्र ईमेल मार्फत पनि पेश गर्न सकिने छ । बोलपत्र सम्वन्धि TOR सहकार्य नेपाल, सिन्धुलीको कार्यालय/इमेलबाट निःशुल्क उपलब्ध गराइनेछ ।

सर्तहरुः

१.बोलपत्रमा उल्लेख गरेको दरभाऊ अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी लेखिएको हुनु पर्नेछ ।

२. बोलपत्र पेश गर्ने अन्तिम मिति २०७७/०१/१० गते दिउँसो ५ बजे सम्म हुने छ ।

३. न्युनतम मूल्यमा र गुणस्तरिय खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री पेश गर्ने बोलपत्र स्वीकृत गरिने छ ।

४. निर्धारित समयमादर्ता हुन आएका बोलपत्र उपर छानविन गरी छनौट भएकालाई, ईमेल, फोन वापत्राचार गरी जानकारी गराईनेछ ।

५.बोलपत्रको साथमा आफुले आपुर्ति गर्न चाहेको खाद्यान्न सामग्रीहरुको गुणस्तर, जात वा ब्राण्ड अनिवार्य उल्लेख गर्नु पर्नेछ र सहकार्य नेपालको बोलपत्र छनोट समितिले माग गरेको खण्डमा आपुर्ति कर्ताले खाद्यान्न तथा दैनिक उपभोग्य सामग्रीको नमुना वा कुनै प्रमाण पेश गर्नुपर्ने छ ।

६.बोलपत्र स्वीकृत भएको सुचना पाएको मितीले ३ दिनभित्र सम्झौता गर्नु पर्नेछ र सम्झौता भएको मितिले ५ दिन भित्रमा सामग्री आपुर्ति गर्नुपर्ने छ । सामग्रीहरु संस्थाको सम्वन्धित तोकिएका कार्यक्षेत्रमा उपलब्ध गराउनु पर्ने भएको हुँदा तोकिएका स्थान सम्म ढुवानीगर्दा लाग्ने खर्च समेत अनुसूची - २ बमोजिमको फर्मेटमा पेश गर्नु पर्नेछ ।

७. गुणस्तरीय खाद्यान्न उपलब्ध गराउन मन्जुरी गरेको हुनु पर्ने छ । खाद्यान्नको गुणस्तर वाउपभोग अवधि स्पष्ट खुलेको र उपयोगका लागि गुणस्तरिय हुनु पर्ने छ ।

८. बोलपत्र पेश गर्ने आपुर्ति कर्ताहरुले आफ्नो फर्म/संस्था/कम्पनीको दर्ता प्रमाणपत्र, प्यान/भ्याटदर्ता प्रमाणपत्र तथा आ.ब २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रवा सम्वन्धित निकायको म्याद थपको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ ।

९. बोलपत्र सम्बन्धी अन्य कुराहरु नेपाल सरकारको सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, सहकार्य नेपाल, सिन्धुलीको आर्थिक प्रशासन नियमावली, खरिद नियमावली र अन्य प्रचलित कानुनबमोजिम हुनेछ ।

१०. माथि जुनसुकै कुरा लेखिएको भएता पनि कुनै कारण जनाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थाको बोलपत्रछनोट समितिमा निहित रहनेछ ।


संस्थाको ठेगानाः

सहकार्य नेपाल, सिन्धुली,

क.न.पा. ६, राममाडी ।

फोन नं.: ०४७-५२०८६३/९८४४२२५४३७

ईमेलः *sahakarya2061@gmail.com*

वेभसाइट : sahakaryasindhuli.org.np